प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२१०१८

प.सं. २०७९/८०
च.नं ५५६

मिति:२०८०।०२।२५

विषय:- आर्थिक वर्ष २०७९/८० को कारोबार बन्द तथा आन्तरीक लेखापरीक्षण सम्बन्धमा ।

श्री सबै प्रदेश मन्त्रालय, सचिवालय, आयोग तथा कार्यालयहरु
कोशी प्रदेश, मोरङ्ग ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९/८० को सालतमाम तथा आन्तरीक लेखापरीक्षण सम्बन्धमा निम्नानुसार गर्नु हुन अनुरोध छ । साथै मातहतका निकायहरुलाई समेत निम्नलिखित व्यहोरा जानकारी गराई सोही अनुसार कार्यान्वयन गराउनु हुन अनुरोध छ।

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० को उपनियम ७ मा प्रदेशको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षक बाहेक अन्य वजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिइ लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । सो अनुसार चालु आ.व. २०७९/८० को विनियोजन तर्फको भुक्तानी दिनुपर्ने सबै रकमको CGAS वाट भुक्तानी आदेश तयार गरी तथा स्वीकृत गरी सो को Hard Copy समेत २०८० असार २४ गते कार्यालय समय भित्र यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

२. विगत वर्षहरुमा आर्थिक वर्षको अन्तिम हसामा समेत बिल भर्पाई जाँच गरी अति आवश्यक रकम भुक्तानी हुने गरेकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० को उपनियम ७ मा भएको व्यवस्था अनुसार चालु आ.व.मा २०८० असार २५ पछी यस प्रकारका कुनै पनि रकम भुक्तानी नहुने व्यहोरा अनुरोध छ ।

३. हाल कतिपय निकायबाट CGAS वाट भुक्तानी आदेश पठाउने तर Hard Copy नपठाउने तथा Hard Copy पठाउने तर कार्यालय प्रमुखको User Id बाट Approve नगर्ने गरेको कारण भुक्तानी निकासा गर्न नसकिएकोले यस्तो भएका कार्यालयहरुले समयमै फरफारक गर्नुहुन अनुरोध छ ।

४. हाल कतिपय निकायवाट भुक्तानी निकासा माग गर्दा भुक्तानी पाउनेको नाम, खाता नम्बर फरक परेको तथा अन्य विविध प्राविधिक कारणले EFT असफल हुने गरेको छ आर्थिक वर्षको अन्तिम समयमा हुने

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल
ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२१०१८

भुक्तानीमा यस्ता कारणबाट EFT असफल भएमा सच्याउन नसकिने भएकोले सो तर्फ समेत ध्यान दिइ भुक्तानी आदेश पठाउनुहुन अनुरोध छ । हाल सम्म EFT असफल भएका कारोबारको हिसाब मिलान गर्न Refund को लागि यथाशिघ्र पत्र पठाउनुहुन अनुरोध छ ।

५. हाल कतिपय निकायले विनियोजित बजेट भन्दा बढी भुक्तानी माग गर्ने गरेको कारण भुक्तानी आदेश अस्वीकृत गर्नुपरेको छ । एउटा भुक्तानी आदेशमा पठाएको कुनै खर्च शिर्षकमा तथा क्रियाकलापमा बजेट नपुग भएमा उक्त भुक्तानी आदेशका सबै रकम अस्वीकृत हुने भएकोले भुक्तानी माग गर्दा अनिवार्य रुपमा स्वीकृत बजेटको सिमा भित्र रहेर मात्र माग गर्नु हुन अनुरोध छ । साथै यस भन्दा पहिले कुनै खर्च शिर्षक तथा क्रियाकलापमा स्वीकृत रकम भन्दा वढी खर्च भएको भए प्र.ले.नि.का को फाँटवारी सँग भिडान गरी समायोजन गर्नु हुन अनुरोध छ !

६. सरकारी चेकको भुक्तानी हुने म्याद १५ दिन भएकोले सबै चेक जारी भएको मितिले १५ दिन भित्र अनिवार्य चेक सटही गर्नुहुन अनुरोध छ । साथै सटही हुन वाकी चेकको विवरण श्रावण १ गते यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

७. कुनै कारणले चालु आ.व.मा जारी भएको चेक नसाटीएमा वा विद्युतीय भुक्तानी असफल भएमा सम्बन्धित कार्यालयले भुक्तानी आदेश सहित निकासा खर्च समायोजनको लागि यस कार्यालय पठाउनु हुन र समायोजन पश्चात निकासा खर्च घटाइ सकेपछि वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्न यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

८. आर्थिक वर्षको अन्त्यमा कामको चाप वढी हुने हुँदा तहाँवाट पठाइएका सबै भुक्तानी आदेश बमोजिम भुक्तानी भए नभएको जाँच गरी भुक्तानी हुन छुटेको भए माथि उल्लेखित समयभित्र नै यस कार्यालयमा सम्पर्क गरी भुक्तानी गराउनु हुन अनुरोध छ ।

९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ मा उल्लेखित शिर्षकमा भुक्तानी दिन बाँकी रहेमा सो को विवरण तोकिए वमोजिमको ढाँचामा साउन ७ गते भित्र यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

१०. आर्थिक वर्ष २०७९/८० को असार मसान्त सम्मको विनियोजन, राजस्व धरौटी र विविध तर्फका सबै श्रेस्ता तथा मासिक फाँटवारीहरु २०८० साउन ७ गते भित्र तयार गरी आन्तरीक लेखापरीक्षणको लागि

दामोदर खत्री
प्रदेश लेखा नियन्त्रक

आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल
ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२१०१८

सम्पूर्ण तयारी गर्ने र साउन ८ गते पछी आन्तरीक लेखा परीक्षक संग सम्न्वय गरी आन्तरीक लेखापरीक्षण गराउनु हुन अनुरोध छ ।

११. जिन्सी तर्फका सबै कारोबार PAMS(Public Assets Management System) मा अनिवार्य प्रविष्टी गरी सोही अनुसार जिन्सी प्रतिवेदन तयार गर्नु हुन अनुरोध छ ।

२०८०।०१।२८

बोधार्थ तथा कार्यार्थ:
श्री प्रदेश लेखा इकाई कार्यालय सबै, कोशी प्रदेश – जिल्लामा रहेका प्रदेशका कार्यालयहरुलाई सोही व्यहोरा अवगत गराई कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।